नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नेपाल प्रहरी केनाईन कार्यालय
(प्रहरी मेघालय)

फोन : ०१-४५१७०२२
०१-४५१६९२१
मो.नं.: ९८५१२८५२६६

पत्र संख्या: (२०८३/०८४)
प्रा.प.सं. :

च.नं. ९६

महाराजगंज, काठमाडौँ
मिति: २०८३ कात्तिक १७ गते
ने.स.:११४६

विषय:- निष्क्रिय प्रहरी कुकुर स्वीकारकर्ता छनौट गरिएको सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा रहेको प्रावधान बमोजिम यस कार्यालयले मिति २०८३।०६।२३ गते पहोलो र मिति २०८३/०७/१० गते दोस्रो ७ (सात) दिने **निष्क्रिय प्रहरी कुकुर वितरण गर्ने सम्बन्धी** सूचना प्रकाशित गरिएकोले प्राप्त निवेदनको आधारमा सम्बन्धित समितिद्धारा तपसिल बमोजिमको निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागि स्वीकारकर्ता छनौट गरिएकाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शुल्क लाग्ने स्वीकारकर्ताले प्रहरी कल्याण कोष नक्सालको रा.बा.बैक खाता नं.११६०१०००१७८७००१ मा उल्लेखित रकम जम्मा गरी सोको भौचर सहित आवश्यक कागजात र नि-शुल्क स्वीकारकर्ताले आवश्यक कागजात लिई यस नेपाल प्रहरी केनाईन कार्यालयमा सम्पर्क गर्न हुन जानकारी गराईन्छ ।

वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको विवरण:-

सि.नं.	जात	नाम	लिङ्ग	जन्म मिति/उमेर	स्वीकारकर्ता	रकम	कै.
१.	ल्याब्राडोर (Labrador)	बेनी (Beni)	भाले	२०८०।०२।२१ (३ बर्ष ४ महिना)	प्र.ना.नि.अमिता खनाल	५,००० ।-	
२.	जर्मन शेफर्ड (German Shepherd)	एला (Ella)	पोथी	२०७५।०५।१३ (८ बर्ष २ महिना)	प्र.स.नि. डेविड दुलाल	नि-शुल्क	

निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्दा पेश गर्नु पर्ने आवश्यक कागजात:

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्र (सक्कल) ।

अध्यक्ष
(प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल)
निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति

(नोट:- कार्यनिर्देशन नेपाल प्रहरीको आधिकारिक Website मा सबैको जानकारीको लागि उपलब्ध छ ।)